# राजदेवी नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ३ संख्या : ०५ मिति : २०८१/०८/२३

## भाग-२

## राजदेवी नगरपालिका

# राजदेवी नगरपालिकाको कर्मचारी तह वृद्धि सम्बन्धी कार्यविधि, २०८१

**प्रस्तावना :** मधेश प्रदेश सरकारबाट जारी भएको "स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०८१ मा रहेको तहबृद्धि सम्बन्धी प्रावधानलाई व्यवस्थित गरी कार्यान्वयन गर्न बाञ्छनीय भएकोले स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०८१ को दफा १५५ ले दिएको अधिकार प्रयोग गरी राजदेवी नगरपालिकाको नगर कार्यपालिकाको कार्यालयले स्वीकृत गरी यो कार्यविधि जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिका को राजदेवी नगरपालिकामा कार्यरत कर्मचारीहरुको तह वृद्धि गर्न बनेको कार्यविधि,२०८१ रहने छ ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्दछ ।

(ख) "ऐन" भन्नाले मधेश प्रदेश सभावाट पारित भई प्रदेश राजपत्रमा प्रकाशित भएको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ सम्झनु पर्छ ।

(ग) "समायोजन ऐन" भन्नाले कर्मचारी समायोजन ऐन, २०७५ सम्झनु पर्दछ ।

(घ) "प्रदेश" भन्नाले मधेश प्रदेश सम्झनु पर्दछ ।

(ङ) "प्रदेश लोक सेवा आयोग" भन्नाले मधेश प्रदेशको लोकसेवा आयोगलाई सम्झनु पर्दछ ।

(च) "मन्त्रालय" भन्नाले मधेश प्रवेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय सम्झनु पर्दछ ।

(छ) "स्थानीय तह" भन्नाले राजदेवी नगरपालिका सम्झनु पर्दछ ।

(ज) "कार्यपालिका" भन्नाले राजदेवी नगरपालिकाको नगरकार्यपालिकालाई सम्झनु पर्दछ ।

(झ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले राजदेवी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।

(ञ) "स्थानीय सेवा" भन्नाले ऐनको दफा ३ बमेजिम स्थानीय तहमा रहने स्थानीय सेना सम्झनु पर्छ ।

(ट) "कर्मचारी" भन्नाले भन्नाले स्थानीय सेवाको पदमा बहाल रहेको स्थायी कर्मचारी सम्झनु पर्छ र सो शब्दले यस निर्देशिकाको प्रयोजनका लागि तत्काल प्रचलित कानुन बमोजिम साविकका स्थानीय निकायबाट स्थायी नियुक्ति भई वा कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम राजदेवी नगरपालिकामा समायोजन भएका कर्मचारी सम्झनु पर्दछ ।

(ठ) "सिफारिस समिति" भन्नाले यो कार्यविधिको दफा ४ यमोजिम गठित सिफारिस समितिलाई सम्झनु पर्दछ ।

(ड) "न्यूनतम शैक्षिक योग्यता" भन्नाले प्रचलित कानुनमा सुरु सेवा प्रवेश गर्दा निर्धारण गरेको न्यूनतम शैक्षिक योग्यता र तह वद्धि हुने पदको लागि निर्धारित शैक्षिक योग्यतालाई सम्झनु पर्दछ ।

(ढ) "सेवा सुविधा" भन्नाले प्रचलित कानुन बमोजिम स्थायी कर्मचारीले प्राप्त गर्ने सम्पुर्ण सेवा सुविधालाई सम्झनुपर्दछ। सो शब्दले सेवा निवृत्त भए पश्चात प्राप्त गर्ने सेवा सुविधा समेतलाई जनाउने छ ।

(ण) "तह मिलान" भन्नाले ऐनको दफा ८ को उपदफा २२ बमेजिम संघिय लोकसेवा आयोगबाट स्थानीय तहको छैटौं तहमा सिफारिस भई नियुक्त भएका कर्मचारीलाई नियुक्ति मिति देखी लागु हुने गरी एक पटकका लागि सातौं तहमा गरिने तह मिलानलाई सम्झनु पर्दछ ।

(त) "तह वृद्धि" भन्नाले ऐनको दफा ४ र २९ बमोजिम गरिने तह वृद्धिलाई सम्झनु पर्दछ ।

**३. तह वृद्धि सम्वन्धी विशेष व्यवस्थाः** (१) मधेश प्रदेश सरकारबाट प्रदेश राजपत्रमा प्रकाशित स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ८ को उपदफा २३ र सोही ऐनको दफा २९ को उपदफा १ अनुसार हुने तह वृद्धि सम्वन्धी व्यवस्था सम्झनु पर्नेछ।

**४. परामर्श लिनु पर्नेः** तह वृद्धि गर्नु पर्ने अवस्थामा स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा १५७ को उपदफा २ अनुसार प्रदेश लोक सेवा आयोग, मधेश प्रदेशको पूर्व परामर्श लिनु पर्नेछ।

**५. सूचना प्रकाशित गर्नु पर्ने व्यवस्थाः** मधेश प्रदेश सरकारबाट प्रदेश राजपत्रमा प्रकाशित स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ८ को उपदफा २३ र सोही ऐनको दफा २९ को उपदफा १ अनुसार हुने तह वृद्धि सम्वन्धी सूचना प्रत्येक आर्थिक वर्षको मंसिर महिना वा जेष्ठ महिनामा कम्तीमा ३० दिनको म्याद दिई प्रकाशित गरीनुपर्नेछ तथा सो संचना राजदेवी नगरपालिकाको सूचनापाटीमा टाँस तथा नगरपालिकाको वेबसाइटमा अपलोड गर्नु पर्नेछ।

**६. निवेदन पेश गर्नेः** यस निर्देशिका अनुसार प्रकाशित सूचनामा उल्लेखित म्याद भित्र तह वृद्धि हुन योग्यता पुगेका सम्वन्धित कर्मचारीले अनुसूची १ अनुसारको ढाँचामा प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन पेश गर्नु पर्नेछ।

**७. समिति गठन सम्बन्धी व्यवस्थाः** (१) मधेश प्रदेश सरकारबाट प्रदेश राजपत्रमा प्रकाशित स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ४ को उपदफा ६, दफा ८ को उपदफा २२, २३ र सोही ऐनको दफा २९ को उपदफा १, २ र ३ अनुसार हुने तह वृद्धि सम्वन्धी सिफारिस

गर्न ऐनको दफा २९ को उपदफा ४ र ५ बमोजिम देहाय अनुसार तह वृद्धि सिफारिस समिति गठन गर्नु पर्नेछ।

क. प्रमुख प्रशासकीय अधिकृत - संयोजक

ख. प्रमुख प्रशासकीय अधिकृतले तोकेको (बढुवाको सम्भाव्य उम्मेदवार नभएको) कम्तीमा अधिकृतस्तर आठौं/सातौं तहको कर्मचारी - सदस्य

ग. प्रमुख प्रशासकीय अधिकृतले तोकेको (बढुवाको सम्भाव्य उम्मेदवार नभएको) कम्तीमा अधिकृतस्तर सातौं/छैठौं तहको कर्मचारी - सदस्य

घ. प्रमुख प्रशासकीय अधिकृतले तोकेको (बढुवाको सम्भाव्य उम्मेदवार नभएको) कम्तीमा अधिकृतस्तर छैठौं तहको कर्मचारी - सदस्य

ङ. नगरपालिकाको प्रशासन शाखाको प्रमुख - सदस्य सचिव

सेवा समुह संग सम्वन्धित विषयको विज्ञको रुपमा अधिकृत स्तरको कर्मचारीलाई तह वृद्धि तथा बढुवा समितिले आमन्त्रित गर्न सक्नेछ।

(२) समितिको सचिवालयको काम कार्यालयको कर्मचारी प्रशासन शाखाले गर्ने छ ।

(३) समितिको बैठकको कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**८. समितिको काम, कर्तब्य र अधिकारः** सिफारिस समितिको काम, कर्तव्य र अधिकार बेहाम बमोजिम हुनेछ ।

(१) तह वृद्धि प्रयोजनको लागि कार्यालयगाट प्रकाशित सूचना बमोजिम पेश हुन आएका निवेदकहरुको कागजागहरुको अध्ययन तथा विश्लेषण गर्ने ।

(२) तह वृद्धि गरिने कर्मचारीहरुको नामावली सहित तह वृद्धि तथा मिलानको लागि नगर कार्यपालिका सीफारिस गर्ने ।

(३) यस कार्यबिधिको दफा ५ बमोजिम तह वृद्धिको लागि सम्बन्धित निकायमा आवश्यक परामर्श माग गर्ने ।

**९. सिफारिसः** (१) दरखास्त दिने अन्तिम मितिको १५ दिन भित्रमा सिफारिस समितिले अनुसूचि १ बमोजिमको ढाँचामा निवेदन साथ प्राप्त कागजातहरुको जाँच गरी कार्यालयलाई तह वृद्धिको लागि सिफारिस गर्नुपर्नेछ ।

(२) उपदफा १ बमोजिम सिफारिस गर्दा कर्मचारीको तह वृद्धि हुनु पूर्वको पदमा भएको स्थायी तथा वढुवा नियुक्ति अनुसारको सेवा अवधि र शैक्षिक योग्यता तथा ज्येष्ठालाई आधारमानी क्रम निर्धारण गरी सिफारिस गर्नुपर्नेछ ।

**१०. निर्णय गर्नु पर्नेः** (१) सहायकस्तरका पद देखि अधिकृतस्तर छैठौ तह सम्मको पदको तह वृद्धि हुने पदको हकमा तह वृद्धि सिफारिस समितिको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले र अधिकृतस्तर सातौं तह र सो भन्दा माथिल्लो तहको हकमा राजदेवी नगरपालिका, नगर कार्यपालिकाले निर्णय गर्नु पर्नेछ।

(२) यस कार्यविधि बमोजिम तह वृद्धि भएका कर्मचारीहरुलाई अनुसूची २ बमोजिम ढाँचामा तह वृद्धिको पत्र दिईनेछ ।

**११. तह वृद्धि/मिलान सम्बन्धी विशेष व्यवस्थाः** (१) ऐनको दफा ८ को उपदफा २२ बमोजिम स्थानीय तहमा लोक सेवा आयोगबाट २०७६ सालमा सिफारिस भई स्थानीय तहमा न्युक्ति भएका अधिकृत छैटौं तहका कर्मचारीलाई नियुक्ति मिति देखी लागु हुने गरी सातौं तहमा तह मिलान गरि दिनेछ ।

(२) ऐनको दफाको उपदफा २३ बमोजिम साविक स्थानीय निकायको स्वीकृत दरबन्दीमा पाँचौ तहमा स्थायी नियुक्ति पाई दश वर्ष वा सो भन्दा बढी सेवा अवधि पुरा गरि छैटौं तहमा स्तरवृद्धि भई कार्यरत रहेका र सातौं तहका लागि आवश्यक शैक्षिक योग्यता पुगेको कर्मचारीलाई दफा २९ को उपदफा ४ र ५ बमोजिमको समितिको सिफारिसको आधारमा अख्तियारवालाले एक पटकको लागि सातौं तह कायम गरिदिने छ ।

(३) ऐनको दफा ४ को उपदफा ६ बमोजिम समायोजन ऐन, २०७५ बमोजिम साविक स्थानिय निकायको सहायक तेस्रो, चौथो, पाँचौ र अधिकृतस्तर छैटौ, सातौं, आठौं तहको कर्मचारीहरु स्थानीय तहको समान पदमा समायोजन भई यो ऐन जारि हुँदाका वखतसम्म पाँच वर्ष वा सो भन्दा बढी सवा अवधि पुरा गरिका कर्मचारीहरुलाई एक पटका लागि समायोजन हुनुभन्दा पहिलेको सम्बन्धीत पत्र देखिने ज्येष्ठता कायम हुने गरी अख्तियारवालाले एक तह स्तरवृद्धि गरि दिनेछ । यसरी स्तरवृद्धि हुने पत्र स्वतः सृजना हुनेछ र कुनै कारणले निज कर्मचारीहरु सेवामा बहाल नरहेमा स्वतः खारेज भई जानेछ ।

(४) ऐनको दफा २८ को उपदफा १ मा स्थानीय तहमा समायोजन भएका कर्मचारीको यस ऐन बमोजिम तह वृद्धि वा वढुवा प्रयोजनका लागि ज्येष्ठता गणना गर्दा तह वृद्धि भएको वा नभएको अवस्थामा समायोजन हुँदाको तत्काल अवधिको सेवा समूहको पत्रमा स्थायी नियुक्ति पाएको मितिबाट कायम हुने गरी सेवा अवधि गणना गरिनेछ ।

(५) ऐनको दफा २९ को उपदफा १ मा स्थानीय सेवामा कार्यरत कर्मचारीको तह वृद्धि गर्दा तह वृद्धि हुने पदभन्दा एक तह मुनीको पदमा ३ वर्षको सेवा अवधि पुरा भएका, पछिलो तिन वर्षको

कार्य सम्पादन मुल्याङ्कनमा औषत अस्सी प्रतिशत अंक प्राप्त गरेका कर्मचारीलाई सम्बन्धित ऐन, समुह वा उप समुहमा तह वृद्धि गरिनेछ ।

यसरी तह वृद्धि गर्दा थप शैक्षिक योग्यताको आवश्यकता पर्ने छैन । तर समायोजनका वखत तोकिएको अवधि नपुगी तह वृद्धि नभएका कर्मचारीलाई एक पटकका लागि सेवा प्रवेशका लागि तोकिएको योग्यता भए पुग्नेछ ।

(६) ऐनको दफा ४ को उपदफा ६ तथा दफा २९ को उपदफा १ र २ बमोजिम तह वृद्धि भएका कर्मचारीलाई ऐनको दफा २९ को उपदफा ४ र ५ बमोजिमको समितिको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले तह वृद्धि निर्णय कार्यान्वयन गरी अनुसूनि २ बमोजिमको ढाँचामा तह बृद्धिको पत्र दिइनेछ ।

**१२. तह वृद्धि वा वढुवा रोक्का हुनेः** यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि देहायको अवस्थामा कार्यविधिको दफा ४ को उपदफा १ बमोजिमको सिफारिस समितिले ऐनको दफा ३२ मा उल्लेख भएको तपशिल बमोजिमको अवधि सम्म कर्मचारीलाई तह वृद्धिका लागि सिफारिस गरिने छैन ।

क. निलम्बन भएकोमा निलम्बन भएको अवधिभर ।

ख. तह वृद्धि ना वढुवा रोक्का भएकोमा तह वृद्धि ना वढुवा रोक्का भएको अवधिभर ।

ग. तलम वृद्धि रोका भएकोमा तलग वृद्धि रोका भएको अवधिभर ।

घ. ऐनको दफा ४३ बमोजिम सेवा वा समूह परिवर्तन गरेको कर्मचारी भए त्यसरी सेवा वा समूह परिवर्तन भएको मितिले ३ वर्षको अवधिभर।

ङ. असाधारण विदा वा अध्ययन विदामा बसेकोमा सो विदा अवधिभर

च. स्थानीय स्वास्थ्य सेवाको कर्मचारीको हकमा प्रचलित कानून बमोजिम गठन भएको स्वास्थ्य सम्बन्धी व्यवसायिक नाम दर्ता निलम्बन भएको भए त्यस्तो निलम्बनको अबधिभर

**१३. तह वृद्धिमा वढुवा नियुक्तिको रोक्काः** ऐनको दफा ३३ को उपनफा १ र २ मा भएको व्यवस्था विपरीत तह वृद्धि या वढुवा नियुक्ति गरिन छैन ।

**१४. तह वृद्धि कार्यान्वयनः** (१) ऐनको दफा २९ को उपदफा ४ र ५ बमोजिमको समितिको सिफारिसका आधारमा कार्यपालिकावाट भएको तह वृद्धिको निर्णय प्रमुख प्रशासकीय अधिकृतले कार्यान्वयन गर्नेछ ।

(२) तह व्यवस्थापनमा कुनै द्विविधा उत्पन्न भएमा ऐनको दफा ४० को उपदफा १ को (क) र (ख) बमोजिमको बढुवा समितिको निर्णय अनुसार कार्यान्वयन गर्नु पर्नेछ ।

**१५. ज्येष्ठता कायम सम्बन्धी व्यवस्थाः** (१) यस कार्यविधि बमोजिम तह वृद्धिको लागि ज्येष्ठता गणना गर्दा स्थानीय सरकारी सेनाको पक्षमा बहाल रहेको स्थायी कर्मचारीको सम्बन्धित तहको सेना समूहको पक्षमा शुरु नियुक्ति मितिगाट लागू हुने गरी गणना गरिनेछ ।

(२) यस कार्याविधिमा अन्यन्त्र जुनसुकै कुरा लेखिएको भएतापनि स्थानीय तहमा समायोजन भएका कर्मचारीको ऐन बमोजिम तह वृद्धिका लागि ज्येष्ठता गणना गर्दा ऐनको दफा २८ को उपदफा १, २ र ३ बमोजिम गणना गरिनेछ ।

**१६. पदस्थापन सम्वन्धी विशेष व्यवस्थाः** मधेश प्रदेश सरकारबाट प्रदेश राजपत्रमा प्रकाशित स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ८ को उपदफा २३ र सोही ऐनको दफा २९ को उपदफा १ अनुसार हुने तह वृद्धि हुने निर्णय भएपछि तह वृद्धि हुने पदको दरबन्दी स्वतः सिर्जना भई प्रमुख प्रशासकीय अधिकृतले अनुसूची २ अनुसार तह वृद्धि भएको पत्र दिई सो को जानकारी निर्णय भएको मितिले १५ दिन भित्र प्रदेश निजामती किताबखाना, मन्त्रालय र प्रदेश लोक सेवा आयोग लगायत सम्वन्धित सबै निकायमा पठाउनु पर्नेछ।

**१७. अपुग रकम वरावरको ग्रेड थपः** कर्मचारीहरुको तह वृद्धि भई नयाँ तलबमान कायम भई निजले खाइपाई आएको साबिक तलबमान भन्दा कम हुने भएमा अपुग रकम बराबरको ग्रेड थप गरी तलवमान कायम गरिनेछ ।

**१८. जानकारी दिनुपर्नेः** यस कार्याविधि बमोजिम गरिएको तह वृद्धिको जानकारी निर्णय भएको मितिले १५ दिन भित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, प्रदेश निजामती किताबखाना र प्रदेश लोक सेवा आयोगलाई दिनुपर्नेछ ।

**१९. आवश्यक व्यवस्था मिलाउनेः** यो निर्देशिका कार्यान्वयन गर्ने क्रममा कुनै कठिनाई उत्पन्न भएमा कार्यपालिकाले यो कार्यविधिको प्रतिकूल नहुने गरी आवश्यक व्यवस्था मिलाउने छ।

**२०. व्याख्याः** यो कार्यविधिको सम्बन्धमा नगर कार्यपालिकाले गरेको व्याख्या नै अन्तिम हुनेछ ।

**२१. बाधा अड्काउ फुकाउः** यस कार्यविधिको कार्यान्वयनमा कुनै वाधा उत्पन्न भएमा तथा अड्काउ फुकाउने अधिकार मन्त्रालय र प्रदेश लोक सेवा आयोगको परामर्शमा नगर कार्यपालिकामा निहित रहनेछ।

**२२. उजुरी/गुनासोः** ऐन र यस कार्यविधि बमोजिम भएको तह वृद्धिको निर्णय उपर चित्त नबुझेमा निर्णय सार्वजनिक भएको मितिले १५ दिन भित्र प्रदेश लोक सेवा आयोगमा उजुरी/गुनासो गर्न सकिनेछ ।

२३. **प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेख भएको विषयमा यसै कार्यविधि बमोजिम र अन्य विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

२४. **खारेजी एवं बचाउः** तह वृद्धि सम्वन्धी भएको सम्पूर्ण काम कारवाही यसै कार्यविधि बमोजिम भएको गरेको मानिनेछ।

## अनुसूची १
## कार्यविधिको दफा ६ सँग सम्बन्धीत

मितिः

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
राजदेवी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
राजदेवी, रौतहट ।

**विषयः तह वृद्धि गरी पाउँ।**

महोदय,
उपर्युक्त विषयमा म यस कार्यालयको स्वीकृत दरबन्दीमा शुरु नियुक्ति/कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम समायोजन भई कार्यरत रहेकोमा मधेश प्रदेश सरकारबाट प्रकाशित स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ८ को उपदफा २३/दफा २९ को उपदफा १ बमोजिम १ तह माथिल्लो पद तथा तहमा तह वृद्धि हुन योग्यता पूरा गरेकोले निम्न विवरण खुलाई आवश्यक प्रमाणपत्रहरुको प्रतिलिपि यसै साथ संलग्न राखी यो निवेदन पेश गरेको छु।

| हाल कार्यरत पद तथा तहको विवरण | तह वृद्धि हुने पद तथा तहको बिवरण |
|---|---|
| शुरु नियुक्ति भएको पदः<br>शुरु नियुक्ति भएको तहः<br>शुरु नियुक्ति मितिः<br>समायोजन भएको पदः<br>समायोजन भएको तहः<br>समायोजन भएको मितिः<br>हाल कार्यरत पद :<br>तह :<br>सेवा :<br>समूह : | तह बृद्धि हुने पदः<br>तह वृद्धि हुने तहः<br>सेवाः<br>समुहः |

माथि उल्लेख गरिएका सबै व्यहोरा ठीक साँचो हो, झुठा ठहरिए सहुँला बुझाउँला ।

<u>संलग्न कागजातः</u>

१. शुरु नियुक्ति पत्रको प्रतिलिपि
२. समायोजन भएको पत्रको प्रतिलिपि
३. हालको पदमा पदस्थापन भएको पत्रको प्रतिलिपि
४. हालको पदमा तह वृद्धि भएको पत्रको प्रतिलिपि
५. अन्तिम (माथिल्लो) शैक्षिक योग्यता प्रमाणपत्रहरुको प्रतिलिपि

<u>निवेदक</u>
नाम/थरः
स्थायी ठेगानाः
हालको ठेगानाः

**अनुसूची २**
**कार्यविधिको दफा १० सँग सम्बन्धीत**

राजदेवी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
राजदेवी, रौतहट
मधेश प्रदेश, नेपाल

प.सं.- मितिः-
च.नं.-

**विषयः- तह वृद्धि तथा पदस्थापना गरिएको ।**

**महाशय,**

उपर्युक्त सम्वन्धमा यस राजदेवी नगरपालिकाको तह वृद्धि सिफारिस समितिको मिति २०८१/१०/ को सिफारिस तथा नगर कार्यपालिकाको/कार्यालयको मिति ..................... को निर्णयानुसार मधेश प्रदेश सरकारको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ४ को उपदफा ६/दफा ८ को उपदफा २२, २३/दफा २९ को उपदफा १,२,३ बमोजिम मिति ..................... गते देखि लागु हुने गरी तपाईलाई देहाय बमोजिमको पद तथा तहमा तह वृद्धि तथा पदस्थापन गरिएको छ ।

तह वृद्धि तथा पदस्थापन हुनु भएकोमा हार्दिक बधाईका साथै उज्ज्वल भविष्यको कामना छ।

| **हाल कार्यरत पद तथा तह** | **तह वृद्धि तथा पदस्थापन भएको पद तथा तह** |
|---|---|
| पद :<br>तह :<br>सेवा :<br>समूह : | पद :<br>तह :<br>सेवा :<br>समूह :<br>ज्येष्ठता कायम हुने मिति :<br>पदस्थापन गरिएको कार्यालय : |

श्री ..................................................
क. सं. नं. .......................।

**<u>बोधार्थ</u>** प्रमुख प्रशासकीय अधिकृत

श्री श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमाण्डौं।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, जनकपुरधाम, धनुषा, नेपाल ।
श्री प्रदेश लोक सेवा आयोग, जनकपुरधाम, धनुषा, नेपाल।
श्री कर्मचारी संचय कोष, त्रिदेबी मार्ग, ठमेल, काठमाण्डौं ।
श्री प्रदेश निजामती किताबखाना, जनकपुरधाम, धनुषा, नेपाल ।
श्री आर्थिक प्रशासन तथा लेखा शाखा, राजदेवी नगरपालिका ।

**आज्ञाले,**
**प्रलव कायस्थ**
**प्रमुख प्रशासकीय अधिकृत**